आज मिति २०८०/१०/१४ गतेका दिन बागलुङ नगरपालिका स्थानीय भूउपयोग परिषद्का अध्यक्ष एवं बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरपालिका स्थानीय भूउपयोग परिषद्को बैठकको उपस्थिती निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर के.सी. |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | | श्री भिमसेन पन्त |
| २ | | | श्री ज्ञानेन्द्र रेग्मी |
| ३ | | | श्री मेघराज शर्मा |
| ४ | | | |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा ।

२. तिनपाङ्ग्रे सवारी दर्ता सम्वन्धमा ।

३. कार्यालय तथा वडा कार्यालयहरुमा व्याकअप जडान तथा मर्मत सम्वन्धमा ।

४. म्याद सकिएका औषधी धुलाउने सम्वन्धमा ।

५. योजना तथा कार्यक्रम माग गर्ने सम्वन्धमा ।

६. सडक बोर्ड नेपालमा कार्यक्रम स्वीकृतिका लागि पठाउने सम्वन्धमा ।

७. योजना फरफारक सम्वन्धमा ।

८. भुक्तानी सम्वन्धमा ।

९. उजुरी तथा गुनासो सम्वन्धमा ।

१०. विविध सम्वन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सार्वजनिक यातायात सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम दर्ता भएका तीन पाङ्ग्रे सार्वजनिक यातायातको संख्या बढी भै ट्राफिक व्यवस्थापनमा समस्या परेको हुँदा सवारी दर्ता बन्द सम्वन्धमा सरोकारवाला संग बैठक आयोजना गरी आवश्यक निर्णय लिन नगरप्रमुख ज्युलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको नवनिर्मित भवन र केही वडा कार्यालयहरुमा व्याकअप नभएको र केही वडा कार्यालयहरुमा भएको व्याकअप मर्मत गर्नु पर्ने भएको हुँदा आवश्यक प्रकृया पुरा गरी व्याकअप जडान तथा मर्मत गर्ने निर्णय गरियो ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयको स्वास्थ्य सेवा अर्न्तगत नियमित स्वास्थ्य सेवा र महामारीको लागि खरिद भै म्याद सकिने मिति सम्म खपत हुन नसकेका औषधीहरु हाल सम्म पनि स्टोर दाखिला देखिएको हुँदा आवश्यक प्रकृया पुरा गरी म्याद सकिएका औषधीहरु धुलाउने निर्णय गरियो ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका देहाय बमोजिमका योजना तथा कार्यक्रम आगामी आ.व. ०८१/०८२ को बजेट तथा कार्यक्रममा समावेश गर्नको लागि सम्वन्धित मन्त्रालय/योजना आयोग/विभागमा लेखि पठाउने निर्णय गरियो ।

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | योजना पेश गर्नु पर्ने निकाय |
|---|---|---|
| १ | ओखर खेती (ओखर पकेट क्षेत्र कार्यक्रम) बागलुङ नगरपालिका वडा नं. ९ | श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमान्डौं । |
| २ | सुन्तला खेती (सुन्तला जोन कार्यक्रम), बागलुङ नगरपालिका वडा नं. ९ | |
| ३ | बाखा तथा मुर्रा भैसी प्रवर्धन कार्यक्रम, बागलुङ नगरपालिका वडा नं. ९ | |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. ०८०/०८१ का लागि सडक वोर्ड नेपाल र यस नगरपालिकाको संयुक्त लगानीमा यस नगरपालिकाका विभिन्न वडामा तपशिल बमोजिमको सडक कालोपत्रे तथा नाली मर्मत संभार गर्ने गरी तयार गरिएको लागत ईष्टिमेट सहितको बार्षिक कार्यक्रम स्वीकृत गरी प्रतिवद्धता संलग्न राखी समझदारी पत्रमा हस्ताक्षर गरी कार्यक्रम स्वीकृतिको लागि सडक वोर्ड नेपाल, मिनभवन, काठमाण्डौमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं. | योजनाको नाम | वडा नं. | लागत ईष्टिमेट रकम रु. | सडक वोर्ड नेपालले व्यहोर्ने ७० प्रतिशत रकम रु. | नगरपालिकाले व्यहोर्ने ३० प्रतिशत रकम रु. |
|---|---|---|---|---|---|
| १. | विभिन्न सडक कालोपत्रे र नाली मर्मत गर्ने कार्य | वडा नं. २, ३, ५, ७, १२ | १,२३,४३,४७२।३२ | ८५,००,०००।- | ३८,४३,४७२।३२ |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत योजना सम्पन्न गरी आवश्यक कागजपत्र सहित प्रकृया पुरा गरी फरफारकका लागि यस कार्यालयमा पेश भएका योजना तथा कार्यक्रमहरुलाई फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्तवा नं. ८ माथि छलफल गर्दा यस कार्यालयमा विभिन्न संघ संस्थाले देहाय बमोजिमका कामकाजको लागि रकम भुक्तानी पाँउ भनि पेश गरेको निवेदन सम्वन्धमा आवश्यक छलफल गरी तपशिल बमोजिमका संघ संस्थालाई तपशिल बमोजिमको कामकाज सम्पन्न बमोजिमका विल भरपाईको आधारमा देहाय बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

## तपशिल

| सि.नं. | संघसंस्थाको नाम | भुक्तानी दिने रकम |
|---|---|---|
| १ | गुठी युवा क्लव भाँडाकुँडा किन्ने | ५०,०००। |
| २ | लोक तथा दोहोरी गीत प्रतिष्ठान तीज मेला २०८० | ४०,०००। |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बागलुङमा परेका विभिन्न उजुरी, गुनासा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पत्र तथा न्यायिक समितिमा परेका निवेदनहरुको बारेमा जानकारी प्राप्त भै सो सम्वन्धमा आवश्यक छलफल गरियो साथै प्राप्त गुनासा उजुरीको सम्वन्धमा यथासक्य छिटो कार्यसम्पादन गर्ने निणर्य गरियो ।